नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
असार/श्रावण २०७३ (July 2016) वर्ष २०/अङ्क २३२

## "पेन्तिकोस दिवस"

- श्री स्टिफन राई

### पेन्तिकोसको पृष्ठभूमि पुरानो करारमा पाइन्छ

"विश्राम दिनको भोलिपल्टदेखि अर्थात् तिमीहरूले डोलाउने बलिको बिटा ल्याएको दिनदेखि सात विश्राम दिन तिमीहरूले गन्नू अर्थात् सातौं विश्राम दिनको भोलिपल्टसम्म पचास दिन गन्नू। त्यही दिन तिमीहरूले परमप्रभुका निम्ति नयाँ अन्न बलि चढाउनू (लेवी २३:१५-१६)।

मोशाको व्यवस्थाअनुसार इस्राएलीहरूले विभिन्न किसिमका चाडहरू मनाउनु पर्दथ्यो जस्तै निस्तार चाड, झुप्रोबासको चाड, अखमिरी रोटीको चाड इत्यादि। ती चाडहरूमध्ये एउटा चाडचाहिँ हप्ताहरूको चाड अर्थात् पेन्तिकोसको चाड थियो जसमा दिन र हप्ताहरू गन्नु पर्दथ्यो। सात हप्ताहरू गनिसकेर त्यसको भोलिपल्ट पचासदिन पुग्दा उनीहरूले परमप्रभुको निम्ति नयाँ अन्न बलि चढाउनु पर्दथ्यो (लेवी २३:१६)।

नयाँ करारमा आएपछि चाहिँ त्यस दिनलाई येशू ख्रीष्ट बौरी उठ्नुभएको दिनदेखि सात विश्राम दिनहरू गनेर त्यसको भोलिपल्ट आइतबारलाई मान्नु पर्दथ्यो (पेन्तिकोस पचास दिन)। २०१६ को पेन्तिकोस दिवस मे महिनाको १५ तारिख थियो।

### १. पेन्तिकोसको दिन पवित्र आत्मा ओर्लनुभएको दिन हो।

जब पेन्तिकोसको दिन आइपुगेको थियो, पुनरूत्थानको ठीक पचासौं दिन आइपुगेको थियो। अचानक स्वर्गबाट ठूलो बतास बहेको जस्तो हुरूरूरू शब्द आयो।

किनभने यूहन्ना ३:८ मा लेखिएको छ, "बतास जता इच्छा गर्दछ त्यता बहन्छ" हुरूरूरू शब्द आयो र त्यसले उनीहरू बसेको जम्मै घर भरिदियो। यहाँ "हुरूरूरू" शब्दले पवित्र आत्माको उपस्थितिलाई जनाउँछ।

चिरा चिरा परेका जिब्राहरूले पवित्र आत्माको आगोको बप्तिस्माको प्रतिनिधित्व गर्दछ। बप्तिस्मा दिने यूहन्नाले भनेका थिए, "म ता साँच्चै तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु तर एकजना मभन्दा शक्तिशाली आउँदै हुनुहुन्छ जसको जुत्ताको फिता खोल्ने लायकको म छैन। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। आगो पवित्र आत्माको चिन्ह हो, बतास, ढुकुर, तेल पनि पवित्र आत्माको चिन्ह हो। पवित्र आत्मालाई आउनका लागि बाध्य गराउन सक्दैन। पवित्र आत्मा बतास होइन, बताससँग तुलना मात्र गरिएको हो।

### २. पेन्तिकोसको दिन पवित्र आत्माको राज्यभिषेकको दिन हो।

पुरानो करारको समयमा पनि पवित्र आत्मा आउने जाने गर्नुहुन्थ्यो तर सधैँका लागि रहिरहने गरी पेन्तिकोसमा पवित्र आत्मा ओर्लनुभयो। गिदोन र शिमशोनमाथि पवित्र आत्मा आउनुहुँदा पनि ठूलो आश्चर्य कर्म भएको थियो। पुरानो करारको समयमा पवित्र आत्मा आउनुहुन्थ्यो र आफ्नो काम सकेर जानुहुन्थ्यो, तर पेन्तिकोसमा उहाँ सधैँभरि विश्वासीसित रहिरहनका लागि आउनुपर्ने थियो। येशूले भन्नुभयो, "म पितासँग बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता दिनुहुनेछ र उहाँ तिमीहरूसँग सधैँभरि रहनुहुनेछ" (यूहन्ना १४:१६)।

पवित्र आत्मा ख्रीष्टको मण्डली स्थापना गर्न आउनुभएको दिन भएकाले सम्पूर्ण मण्डलीको कार्यभार सम्हाल्नुभएकाले पेन्तिकोसको दिनलाई पवित्र आत्माको राज्यभिषेक दिन भन्नु अत्यूक्ति नहोला।

पेन्तिकोसको शक्तिलाई ग्रीक (मूल) भाषामा "डुनामिस" भनेर भनिन्छ अनि डुनामिस शब्दबाट अंग्रेजी भाषाको डायनामा र डायनामाइट भन्ने शब्दहरू बनिएका हुन्। डायनामा भनेको बिजुली उत्पादन गर्ने यन्त्र हो अनि डायनामाइट भनेको विष्फोटक हो। जसरी डायनामाले ठूला ठूला शक्तिको काम गर्दछ भने डायनामाइटले चट्टानहरू फोर्ने काम गर्दछ भने, त्यसै गरी पवित्र आत्माको काम पनि त्यस्तौ हो। नेइम ज्ञानेश्वर मण्डलीमा पनि १९७० दशकदेखि पवित्र आत्माको भरपूरीले नेइममा आत्मिक जागृतिको कारणले मण्डली वृद्धि भएर गएको हो (प्रेरित १:८)।

### वर्तमान समयमा पनि पवित्र आत्माको शक्तिको प्रदर्शन हुनु आवश्यक देखिन्छ।

क. **पहिलो कारण:** मण्डली स्थापना गर्नु: पहिलो शताब्दिका मण्डलीहरूमा पवित्र आत्माको आगमनभन्दा अगाडि येशूका चेलाहरू पनि डरपोक थिए भन्ने कुरा हामीले धेरै उदाहरण पाउँछौं। पेन्तिकोसको दिनपछि कसरी साहसी भएर साक्षी र गवाही बनी मण्डली वृद्धि गर्ने काममा लागिरहे भन्ने प्रेरितको पुस्तकमा पाइन्छ (प्रेरित ६:१, ७, ४:३१-३२)।

ख. **दोस्रो कारण:** चिन्ह र चमत्कारको निम्ति (सामाजिक सेवकाइ) मर्कूस १६:१७ महान् आज्ञा मात्र नभएर रोगीहरू निको पार्ने, भूतहरू धपाउने जस्ता सामाजिक सेवकाइ समेत चेलाहरूले गरेका थिए।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| आषाढ २५ July 9 | पाष्टर रोबर्ट कार्थक एल्डर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर घन श्याम दाहाल | एल्डर रूबेन श्रेष्ठ | एल्डर नभ राज के.सी. | एल्डर सीता गुरूङ्ग |
| श्रावण १ July 16 | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | एल्डर जेम्स राई | एल्डर गोपाल शर्मा | एल्डर घन श्याम दाहाल | एल्डर छयोगेन रोंगोंग | श्री दानिएल घले |
| श्रावण ८ July 23 | एल्डर घन श्याम दाहाल | एल्डर पूर्ण सुनुवार | एल्डर सुरेश पुरकोटी | पाष्टर रोबर्ट कार्थक | श्री सुक राम तामाङ्ग | डीकन बाबु राम के.सी. | श्री आमोस खालिङ |
| श्रावण १५ July 30 | एल्डर दिनेश न्यौपाने | श्री सिद्धि खालिङ | डीकनेस् रमा राई | एल्डर सीता गुरूङ्ग | डीकन सिमोन भण्डारी | श्री आर. अञ्जान घले | पाष्टर दफ्तन सादा |
| श्रावण २२ August 6 | पाष्टर अशोक मुखिया पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास पाष्टर दफ्तन सादा | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर दिल थापा |

**३. पेन्तिकोसको दिन प्रेरितहरूले दोब्बर पवित्र आत्माको शक्ति पाएर दोब्बर पवित्र आत्माको काम गरे ।**

उदाहरणको लागि कुनै पनि गाडी १० लिटर पेट्रोल राख्दा जति टाढा जान सक्दछ, २० लिटर राखेको खण्डमा दोब्बर जान सक्दछ । एलिया र एलिसाको पनि उदाहरण हामीले हेर्न सक्दछौं । पेन्तिकोसको दिनपछि ठीक त्यस्तै काम पहिलो शताब्दिका मण्डलीहरूमा भएको पाइन्छ । प्रभुले भन्नुभएको महान् आज्ञा पूरा गर्नलाई आज मण्डलीको भक्ति र पवित्र आत्माको शक्तिमा मात्र महान् आज्ञा पूरा गर्न सक्दछौं । आमेन् !

## जानकारी

जेष्ठ २२ गते/जुन ४ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ७० जना विश्वासीहरूको समर्पण भयो ।

जेष्ठ ३० गते/जुन १२ तारिख आइतबार नेइम गोंगबूँ मण्डलीअन्तर्गत गोरखा पिपलथोक संगति घर अर्पण गरियो ।

असार ४ गते/जुन १८ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा ५ जना बाल बालिकाको बाल अर्पण भयो ।

असार ११ गते/जुन २५ तारिख शनिबार नेइम भंगाल मण्डलीमा अभिषेक गरिएका एल्डर, डीकन र डीकनेस्हरूको नाउँः

एल्डर – श्री जोरविर राई

डीकन – श्री सञ्च कुमार राई

डीकनेस् – श्रीमती फिबिना राई र श्रीमती बिनीता राई ।



बुद्धज्योति बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्रीमती सन्त माया तामाङ्ग ८० वर्षको उमेरमा असार ५ गते/जुन १२ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री जस बहादुर सुनुवार ८३ वर्षको उमेरमा असार १५ गते/जुन २९ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

## अगष्ट महिनाको कार्यक्रम

आषाढ २६ गते/जुलाई १० तारिख आइतबार **नेइम परिषद्को बैठक** बिहान १०:०० बजे नेइम ज्ञानेश्वर मण्डलीमा ।

## विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **आषाढ २५** July 9 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |
| **श्रावण १** July 16 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर बर्णबास श्रेष्ठ | श्री गोपाल राना | श्री राजु तामाङ्ग |
| **श्रावण ८** July 23 | श्री राज गुरूङ्ग | डीकन लाक्पा लामा | एल्डर गोपी राई | श्री कृष्ण तामाङ्ग | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | श्री सुरेन्द्र सापकोटा |
| **श्रावण १५** July 30 | एल्डर गोपी राई | श्री कृष्ण श्रेष्ठ | डीकन पासाङ तामाङ्ग | डीकन मोहन श्रेष्ठ | डीकन पेशल राई | एल्डर पिटर लिम्बू | पाष्टर प्रेम श्रेष्ठ | श्री राजु तामाङ्ग |
| **श्रावण २२** August 6 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर गोपी राई | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रशान्त सिंह | श्री गोपाल राना |

# विशेष् प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको साथै इमान्दारिताको लागि प्रार्थना गरौं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

४. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरू बीच समभ्रूदारी, एकता र मेल मिलाप मागिदिऔं ।

४. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र अगुवाइमा आत्माले डोऱ्याएकाहरू भई जिउन सकून् ।

५. नेपालका मण्डलीहरू साथै ख्रीष्टियन संघ संस्थाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अभ्र आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

९. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. भ्ररी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट आइपर्ने दुःख, कष्टबाटको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

११. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

१२. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणतामा हामी सबै परमेश्वरको महिमाको लागि इमान्दार र विश्वासयोग्य हुन सकौं ।

१३. मण्डलीका सेवा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूका सबै सेवक सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१४. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

## बधाई

**एस.एल.सी. परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूको आउँदा दिनका सबै पढाइ, तालिम, उच्च शिक्षा हासिल गर्दै जानको लागि परमेश्वरबाटको आशिषको लागि प्रार्थनाको साथै मण्डली परिवारबाट हार्दिक बधाइ ज्ञापन गर्दछौं ।**

## हार्दिक बधाई



जेष्ठ २० गते/जुन २ तारिख बिहीबार नेइम सुन्दरीजल मण्डलीको सदस्य श्री **सुदिप नेपाली** र अनुग्रह ख्रीष्टिय मण्डली नख्खुको सदस्य सुश्री **सुदिक्षा नेपाली**को अनुग्रह ख्रीष्टिय मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुदिप** र **सुदिक्षा नेपाली**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १९ 3<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>एफिसी ३:२० | २६ 10<br>सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | २ 17<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ९ 24<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | १६ 31<br>ख्रीष्ट प्रभुबाटको मुक्ति र सित्तैंको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी २:१२-२२ |
| **सोमबार**<br>Monday | २० 4<br>देशको वर्तमान परिस्थितिको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:१-११, | २७ 11<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइं मागौं ।<br>मत्ती ६:५-१०, रोमी ८:२६ | ३ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | १० 25<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ | १७ August 1<br>हाम्रा छोराछोरीहरूले स्कूल, कलेज, काम गर्ने ठाउँहरूमा ठीक साथी बनाउन सकून् साथै असल साक्षीद्वारा साथीहरुलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>हितोपदेश १३:२०, १ पत्रुस २:१२ |
| **मंगलबार**<br>Tuesday | २१ 5<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५, १३३ | २८ 12<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | ४ 19<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूका निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ६२:५-८, | ११ 26<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउन सबै जना लागिपर्न सकौं ।<br>२ तिमोथी ३:१७,४:१-५ | १८ 2<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २२ 6<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भजनसंग्रह ७८:७०-७२, | २९ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>लूका २४:१३-१६, ३०-३५ | ५ 20<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:८-१३ | १२ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १९ 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरल नै सहायता गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार**<br>Thursday | २३ 7<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | ३० 14<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>प्रेरित ८:१-८ | ६ 21<br>सबै विश्वासीहरू सबै परिस्थितिमा विश्वासमा स्थिर र अटल रहन साथै धैर्य धारण गर्न पवित्र आत्मा परमेश्वरले नै सहायता गरिदिऊन्<br>यहूदा १:१७-२५ | १३ 28<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | २० 4<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार**<br>Friday | २४ 8<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | ३१ 15<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ४:४, २ तिमोथी ३:१५-१६ | ७ 22<br>प्रत्येक शनिबारको सेवामा धेरै भन्दा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तितस २:११ | १४ 29<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २१ 5<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं आत्माको तयारीमा आउन सकौं ।<br>, यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | २५ 9<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | **१ श्रावण** 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित् जीवन जिउन सकून् ।<br>लेवी २६:१३ | ८ 23<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | १५ 30<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्।<br>प्रेरित ४:१२-२१ | २२ 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।**

**रोमी ८:३७-३९**

 प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, 